# कारागार तथा हिरासत अनुगमन प्रतिवेदन

कारागारको नामः **कारागार कार्यालय, महोत्तरी, जलेश्वर**

अनुगमन गर्ने अधिकारीः **माननीय मुख्यन्यायाधिवक्ता श्री बीरेन्द्र कुमार ठाकुर**

सहयोगीः **सहायक न्यायाधिवक्ता श्री बिद्यानन्द शाह**

**मुख्यन्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश**

अनुगमन मितिः २०७९।१२।२७

कारागारमा रहेका थुनुवा पुरूष संख्याः ४४४

पुरूष कैदी संख्याः७८

आश्रित संख्याः X  महिला थुनुवा संख्या X  आश्रित संख्याः X  महिला कैदी संख्याः X

## १. कारागारको भौतिक अवस्था

| कारागारको नाम | कोठाको आकार | कोठा को संख्या | प्रयाप्त झ्याल | घाम हावाको प्रवेश | छतको अवस्था | पुरूष महिला कक्ष अलग | थुनुवा/ कैदी संख्या | वालवालिका साथमा भए नभएको | चर्पी र नुहाउने कक्ष | सरसफाई रंगरोगन | सुरक्षाको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, महोत्तरी, जलेश्वर | विभिन्न अकारको रहेको। | १८ वटा रहेको | ठिकै रहेको | ठिकै रहेको | नचुहिने रहेको | महिला कैदी नरहेको | क्षमता-२०० महिला- X पुरूष- २०० | नभएको | छुट्टा छुटै रहेको। | राम्रो रहेको | राम्रो | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## २. खाना, सिधा तथा आरामको व्यवस्था

| कारागारको नाम | सिधाको उपलब्धता | खानाको पटक | पानीको व्यवस्था | खाना पानीको स्तर | सुत्केरी भए थप सुबिधा | भान्सा कक्ष | अलग अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, बिस्तारा, झुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, महोत्तरी, जलेश्वर | नियमानुसार प्राप्त गर्ने गरेको | २ पटक | राम्रो रहेको | राम्रो रहेको | सुत्केरी नरहेको | छुट्टै रहेको | नभएको | नरहेको | खाट र झुल नरहेको, बिस्तरा समान्य रहेको | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## ३. स्वास्थ्य जाँच र औषधोपचार

| कारागारको नाम | स्वास्थ्यकर्मीको दरवन्दी र पदपुर्ती | स्वास्थ्य जाँच तथा उपचार कक्ष | औषधिको उपलब्धता | विरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुनुवा पुर्व र मुक्त हुँदा स्वास्थ्य जाँच | कैफियत |
|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, महोत्तरी, जलेश्वर | नरहेको | नरहेको | पर्याप्त रहेको | विरामी नरहेको | अस्पताल लैजाने गरेको | छ | |
| | | | | | | | |
| | | | | | | | |

## ४. पुस्तकालय तथा मनोरञ्जन

| कारागारको नाम | पत्रपत्रिकाको उपलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्यायामशाला, खेलकुद मैदान | शिपमुलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | सन्चार सम्पर्क | थप शिक्षाको अवसर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, महोत्तरी, जलेश्वर | रहेको | रहेको | समान्य रहेको | नरहेको | मुढा र ढाकी बुन्ने तालिम मात्रै भएको | छैन | टेलिफोनको सुविधा छ | छैन | |

## ५. भेटघाटको प्रवन्ध

| कारागारको नाम | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्तसँग भेटघाट | कानून व्यवसायीसँग भेटघाट | समय र सिमा | आफन्तलाई खबर दिने | भेटघाटको अभिलेखिकरण | विदेशिलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, महोत्तरी, जलेश्वर | छैन | छ | आवश्यक्ता अनुसार | आवश्यक्ता अनुसार | समय मिलाएर | गरिएको | राखिएको | आवश्यक परेको छैन | रहेको | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

## ६. थुनुवा कैदी सम्वन्धी कागजात र यिनिहरूको अवस्था

| कारागारको नाम | थुनुवा/ कैदी पूर्जी | हतकडी नेल लगाउने वा गोलघरमा राख्ने गरेको | हदको अभिलेख | हद भन्दा बढी रहे नरहेको | पुर्व निर्देशनको पालना | गैर जिम्मेवार उपर कारवाही | कैफियत |
|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, महोत्तरी, जलेश्वर | दिने गरेको | छैन | राख्ने गरेको | नरहेको | स्रोत साधनले भ्याए सम्म | भएको | |
| | | | | | | | |
| | | | | | | | |

## ७. नावालक हेरचाह तथा सामाजिक संस्कारको प्रवन्ध

| कारागारको नाम | साथमा नावालक रहे नरहेको | अनाथ भए हेरचाह | कैदी, थुनुवाको मृत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मृत्युको जानकारी | कैदी आफूले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट व्यव्हार भए नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, महोत्तरी, जलेश्वर | नरहेको | अनाथ नभएका | परिवारले गर्ने | गर्ने गरेको | भएमा दिने गरेको | अवस्था नपरेको | भएको | |
| | | | | | | | | |
| | | | | | | | | |

## ८. फरक किसिमले सक्षम व्यक्तिहरूको अभिलेख

| कारागारको नाम | थुनामा रहेका फरक किसिमले सक्षम व्यक्तिको किसिम | लिङ र संख्या | अपाङमैत्री कक्षको व्यवस्था भए नभएको | अपाङमैत्री शिक्षा तथा मनोरञ्जनको व्यवस्था | विशेष सहुलियत केहि प्रदान गरेको भए खुलाउन | कैफियत |
|---|---|---|---|---|---|---|
| कारागार कार्यालय, महोत्तरी, जलेश्वर | नभएको | नभएको | नभएको | नभएको | नभएको | |
| | | | | | | |
| | | | | | | |

## हिरासत तर्फः

### १. हिरासतको भौतिक अवस्था

| हिरासत रहेको कार्यालयको नाम | कोठाको आकार | घाम हावाको प्रवेश | प्रयाप्त झ्याल | छतको अवस्था | पुरूष/महिला कक्ष अलग | थुनुवा संख्या | वालवालिका भए नभएको | चर्पी र नुहाउने कक्ष | सरसफाई रंगरोगन | सुरक्षाको अवस्था | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय, महोत्तरी | समान्य | समान्य रहेको | समान्य रहेको | नचुहिने रहेको | अलग रहेको | २५ रहेको | नभएको | कोठासँग एटेच रहेको | ठिकै रहेको | राम्रो | |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | समान्य | समान्य रहेको | समान्य रहेको | नचुहिने रहेको | अलग रहेको | २४ रहेको | नभएको | कोठासँग एटेच रहेको | ठिकै रहेको | राम्रो | |
| जिल्ला प्रहरी कार्यालय, धनुषा | समान्य | समान्य रहेको | समान्य रहेको | नचुहिने रहेको | अलग रहेको | रहेको | नभएको | कोठासँग एटेच रहेको | ठिकै रहेको | राम्रो | |

### २. खाना, सिधा तथा आरामको व्यवस्था

| हिरासत रहेको कार्यालयको नाम | सिधाको उपलब्धता | खानाको पटक | पानीको व्यवस्था | खाना पानीको स्तर | सुत्केरी भए थप सुबिधा | भान्सा कक्ष | अलग अलग शयन कक्ष | स्थानको पर्याप्तता | खाट, बिस्तारा, झुल | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय, महोत्तरी | नियमानुसार प्राप्त गर्ने गरेको | २ पटक | राम्रो रहेको | ठिकै रहेको | सुत्केरी नरहेको | छुट्टै रहेको | नभएको | नरहेको | खाट र झुल नरहेको, बिस्तरा समान्य रहेको | |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | नियमानुसार प्राप्त गर्ने गरेको | २ पटक | राम्रो रहेको | ठिकै रहेको | सुत्केरी नरहेको | छुट्टै रहेको | नभएको | नरहेको | खाट र झुल नरहेको, बिस्तरा समान्य रहेको | |
| जिल्ला प्रहरी कार्यालय, धनुषा | नियमानुसार प्राप्त गर्ने गरेको | २ पटक | राम्रो रहेको | ठिकै रहेको | सुत्केरी नरहेको | छुट्टै रहेको | नभएको | नरहेको | खाट र झुल नरहेको, बिस्तरा समान्य रहेको | |

### ३. स्वास्थ्य जाँच र औषधोपचार

| हिरासत रहेको कार्यालयको नाम | स्वास्थ्यकर्मीको दरवन्दी र पदपुर्ती | स्वास्थ्य जाँच तथा उपचार कक्ष | औषधिको उपलब्धता | बिरामीको अवस्था | थप उपचारको प्रवन्ध | थुनुवा पुर्व र मुक्त हुँदा स्वास्थ्य जाँच | कैफियत |
|---|---|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय, महोत्तरी | नरहेको | नरहेको | समान्य रहेको | बिरामी नरहेको | अस्पताल लैजाने गरेको | छ | |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | नरहेको | नरहेको | समान्य रहेको | बिरामी नरहेको | अस्पताल लैजाने गरेको | छ | |
| जिल्ला प्रहरी कार्यालय, धनुषा | नरहेको | नरहेको | समान्य रहेको | बिरामी नरहेको | अस्पताल लैजाने गरेको | छ | |

### ४. पुस्तकालय तथा मनोरञ्जन

| हिरासत रहेको कार्यालयको नाम | पत्रपत्रिकाको उपलब्धता | रेडियो, टेलिभिजन | पुस्तकालय | व्यायामशाला, खेलकुद मैदान | शिपमुलक तालिम | क्षमतायुक्त काम गर्ने स्थान | सन्चार सम्पर्क | थप शिक्षाको अवसर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय, महोत्तरी | रहेको | नरहेको | नरहेको | नरहेको | छैन | छैन | टेलिफोनको सुविधा छ | छैन | |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | रहेको | नरहेको | नरहेको | नरहेको | छैन | छैन | टेलिफोनको सुविधा छ | छैन | |
| जिल्ला प्रहरी कार्यालय, धनुषा | रहेको | नरहेको | नरहेको | नरहेको | छैन | छैन | टेलिफोनको सुविधा छ | छैन | |

CamScanner

## ५. भेटघाटको प्रवन्ध

| हिरासत रहेको कार्यालयको नाम | भेटघाट कक्ष | हेल्प डेस्क | आफन्तसँग भेटघाट | कानून व्यवसायीसँग भेटघाट | समय र सिमा | आफन्तलाई खबर दिने | भेटघाटको अभिलेखिकरण | विदेशिलाई कुटनैतिक भेटघाट | दोभाषेको सुविधा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय, महोत्तरी | छैन | छ | आवश्यक्ता अनुसार | आवश्यक्ता अनुसार | समय मिलाएर | गरिएको | राखिएको | आवश्यक परेको छैन | रहेको | |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | छैन | छ | आवश्यक्ता अनुसार | आवश्यक्ता अनुसार | समय मिलाएर | गरिएको | राखिएको | आवश्यक परेको छैन | रहेको | |
| जिल्ला प्रहरी कार्यालय, धनुषा | छैन | छ | आवश्यक्ता अनुसार | आवश्यक्ता अनुसार | समय मिलाएर | गरिएको | राखिएको | आवश्यक परेको छैन | रहेको | |

## ६. थुनुवा सम्वन्धी कागजात र यिनिहरूको अवस्था

| हिरासत रहेको कार्यालयको नाम | पक्राउ पूर्जी | थुनुवा पूर्जी | हतकडी नेल लगाउने वा गोलघरमा राख्ने गरेको | म्याद थप गरे नगरेको | म्याद भन्दा बढी राखे नराखेको | पुर्व निर्देशनको पालना | गैर जिम्मेवार उपर कारवाही | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय, महोत्तरी | दिईएको | दिईएको | छैन | गर्ने गरेको | नराखेको | स्रोत साधनले भ्याए सम्म | भएको | |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | दिईएको | दिईएको | छैन | गर्ने गरेको | नराखेको | स्रोत साधनले भ्याए सम्म | भएको | |
| जिल्ला प्रहरी कार्यालय, धनुषा | दिईएको | दिईएको | छैन | गर्ने गरेको | नराखेको | स्रोत साधनले भ्याए सम्म | भएको | |

## ७. नावालक हेरचाह तथा सामाजिक संस्कारको प्रवन्ध

| हिरासत रहेको कार्यालयको नाम | साथमा नावालक रहे नरहेको | अनाथ भए हेरचाह | कैदी, थुनुवाको मृत्यु भए संस्कार | मृत्यु भएकाको शव परिक्षण | मृत्युको जानकारी | कैदी आफूले सामाजिक संस्कार गर्नु परेमा | मानवोचित र शिष्ट व्यव्हार भए नभएको | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय, महोत्तरी | नरहेको | अनाथ नभएका | परिवारले गर्ने | गर्ने गरेको | भएमा दिने गरेको | अवस्था नपरेको | भएको | |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | नरहेको | अनाथ नभएका | परिवारले गर्ने | गर्ने गरेको | भएमा दिने गरेको | अवस्था नपरेको | भएको | |
| जिल्ला प्रहरी कार्यालय, धनुषा | नरहेको | अनाथ नभएका | परिवारले गर्ने | गर्ने गरेको | भएमा दिने गरेको | अवस्था नपरेको | भएको | |

## ८. फरक किसिमले सक्षम व्यक्तिहरूको अभिलेख

| हिरासत रहेको कार्यालयको नाम | थुनामा रहेका फरक किसिमले सक्षम व्यक्तिको किसिम | लिङ र संख्या | अपाङमैत्री कक्षको व्यव्स्था भए नभएको | अपाङमैत्री शिक्षा तथा मनोरञ्जनको व्यव्स्था | बिशेष सहुलियत केहि प्रदान गरेको भए खुलाउन | कैफियत |
|---|---|---|---|---|---|---|
| जिल्ला प्रहरी कार्यालय, महोत्तरी | नभएको | नभएको | नभएको | नभएको | नभएको | |
| जिल्ला प्रहरी कार्यालय, सिरहा | नभएको | नभएको | नभएको | नभएको | नभएको | |
| जिल्ला प्रहरी कार्यालय, धनुषा | नभएको | नभएको | नभएको | नभएको | नभएको | |

**सकारात्मक पक्षहरू:**

मुख्यन्यायाधिवक्ता समेतबाट हुने गरेको कारागार र हिरासत कक्षहरूको अनुगमनले कैदी र थुनुवाहरू उपर मानवोचित व्यवहार गर्न सम्वन्धित निकायहरू सम्वेदनशिल हुन थालेको देखिएका छन् । कारागार र हिरासतमा कैदी र थुनुवाहरू प्रति मानवोचित व्यवहार भएको व्यहोरा स्वयम् कैदी र थुनुवाहरूले व्यक्त गरेको पाईएको छ । थुना र कैदमा राख्दा पूर्जी दिएर मात्र राखिएको र कानून वमोजिम म्याद थप गरी थुना वा कैदमा राखिएको

CamScanner

देखिन्छ। कारागारमा सीप विकास र आय आर्जन हुने खालका कार्यक्रमहरू समान्य रूपमा संचालन हुन थालेका छन्। कैदी र थुनुवाको आधारभुत स्वास्थ्य उपचारको प्रवन्ध गरिएको छ। थुनुवा तथा कैदीलाई आफन्त तथा कानून व्यवसायीहरूसँग भेटघाट गर्न सहजै दिने गरेको पाईन्छ। थुनुवा तथा कैदीको लागि पत्रपत्रिकाको उपलब्धता र पुस्तकालयको व्यवस्था पनि हुन थालेको देखिन्छ। राष्ट्रिय मानव अधिकार आयोग लगायत बिभिन्न निकायबाट नियमित रूपमा अनुगमन समेत हुने भएबाट कारागारहरूका कैदी तथा थुनुवाको व्यवस्थापनमा क्रमशः सुधार हुँदै गएको देखिन्छ।

**कारागार एवम् हिरासत कक्षका समस्याहरू:**

कारागारमा सीप विकास एंव रोजगारमूलक कार्यको अवसर समान्य रहेको, जीर्ण भौतिक अवस्था तथा सुत्नको लागि खाटको व्यवस्था नभएको, कारागारमा क्षमताभन्दा बढी मात्रामा थुनुवा र कैदीहरु रहेको देखिन्छ। कारागारमा निर्धारित दरबन्दी अनुसारको कर्मचारीको पदपुर्ती नरहेको अवस्था छ। कारागारमा स्वास्थ्यकर्मीको पद रिक्त रहेको तथा औषधीको उपलब्धता पर्याप्त नभएको पाईन्छ। आफन्त तथा कानून व्यवसायीसँग भेटघाटको लागि अलग कोठा नभएको कारणले कैदी र थुनुवाको गोपनीयता कायम हुन नसक्ने अवस्था देखिन्छ। कारागार र हिरासतमा कैदी र थुनुवाको लागि औपचारिक शिक्षा र साक्षरता कार्यक्रमको कमी रहेको देखिन्छ। कैदी र थुनुवालाई एकै ठाँउमा राख्ने गरिएको र कम उमेरका कैदीलाई अलगस राख्नु पर्नेमा सो गरिएको पाइएन। कारागार र हिरासतमा कानून व्यवसायीसँग भेटघाट गर्न दिएको सम्बन्धी अभिलेख राख्ने गरेको पाइएन। फरक किसिमका क्षमता भएका, तेस्रो लिंङ्गी र जेष्ठ नागरिकको लागि हिरासत र कारागारमा विशेष प्रबन्ध भएको देखिदैन। कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी भए पनि दरबन्दी पूर्ति नभएको र नियमित रुपमा कैदी र थुनुवाको स्वास्थ्य परीक्षण हुने गरेको देखिएन। धनुषा जिल्लामा कारागार नभएकोले मुद्दा सुनुवाईमा बन्दीलाई अदालतमा उपस्थित गराउन समस्या रहेको पाइन्छ।

**निष्कर्ष**

राज्यले समाजमा शान्ति सुव्यवस्था कायम गर्दै जनधनको सुरक्षा गर्नको निमित्त अपराधको अनुसन्धानको सिलसिलामा शंकित व्यक्तिलाई कानून बमोजिम हिरासतमा लिने, मुद्दा पूर्पक्षको क्रममा थुनामा राख्ने र अदालत वा न्यायिक निकायबाट कसूरदार ठहर भएपछि कानून बमोजिम फैसला कार्यान्वयनको लागि कारागारमा राख्ने कार्य फौजदारी न्याय प्रशासनभित्रका अभिन्न प्रक्रिया हुन्।

राष्ट्रिय मानव अधिकार आयोग समेतबाट समय समयमा गरिने अनुगमनबाट कारागारमा रहेका थुनुवा/ कैदीहरुको मानव अधिकारको संरक्षणमा केही हदसम्म सहयोग पुगेको छ। हालका पछिल्ला दिनहरुमा कारागारको भौतिक अवस्था, थुनुवा/ कैदीहरुको लागि आवश्यक पर्ने न्युनतम सुविधा, थुनुवा/ कैदीहरुको मानसिकता लगायतका विषयमा सुधार भएको देखिन्छ। अझैपनि कारागार कार्यालयमा विविध समस्याहरु विद्यमान छन्। थुनुवा/ कैदीहरुका अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय दस्तावेज, राष्ट्रिय कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट समय समयमा भएका निर्णय बमोजिम थुनुवा/ कैदीहरुका अधिकारको प्रत्याभूति हुनु जरुरी देखिन्छ। अनुगमनबाट कारागार कार्यालयहरुलाई सुधार गृहको रुपमा स्थापना गरी प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा न्यायिक समाजको निर्माण गर्नमा सहयोग पुग्ने अपेक्षा गर्न सकिन्छ।

विद्यमान कारागार तथा हिरासतको भौतिक अवस्था तथा अन्तर्राष्ट्रिय तथा राष्ट्रिय दस्तावेजहरुले प्रत्याभूत गरेको कैदी तथा थुनुवाहरुको अधिकारहरुको व्यवहारिक कार्यान्वयनको अवस्थालाई प्रतिवेदन मार्फत उजागर गरिएको छ। हिरासत तथा कारागारमा रहेका समस्या र सुधारका सम्बन्धमा प्रस्तुत गरिएका सुझावहरुले सम्बन्धित सरोकारवाला निकायलाई आगामी नीति र कार्यक्रम निर्धारण गर्न सहयोग पुगी कैदी बन्दीको अवस्थामा सुधार आउने अपेक्षा लिइएको छ।

CamScanner